SP Swag: Sudur Pashchim Wisdom of Academic Gentry Journal
Vol. 2, Issue 1, 2025. pp. 83–89
Research Article
DOI: https://doi.org/10.69476/sdpr.2025.v02i01.010

# पर्यावरणीय सौन्दर्यका दृष्टिले चुली उपन्यास

**जगतमणि सोती**
उपप्राध्यापक, वी पी कोइराला संस्कृत विद्यापीठ

**Article Info .**

***Email***
sotijagatmani@gmail.com

***Article History***
Received: 2025, September, 10
Accepted: 2025, October 15

***Cite***
Bhujel, G . B . (2025). पर्यावरणीय सौन्दर्यका दृष्टिले चुली उपन्यास. *SP Swag: Sudur Pashchim Wisdom of Academic Gentry Journal*, *2*(1), 83–89. https://doi.org/10.69476/sdpr.2025.v02i01.010

## लेखसार

प्रस्तुत अध्ययन उपन्यासकार सरुभक्तद्वारा लिखित *चुली* उपन्यासमा प्रयुक्त पर्यावरणीय खोजी गर्ने विषयसँग सम्बन्धित रहेको छ। यस उपन्यासमा हिमाललाई उचाइको प्रतीकका रूपमा चित्रण गरिएको छ । हिमाली सभ्यता, संस्कृति, सौन्दर्य, पर्यावरण र सार्वभौमिकता जस्ता कुराहरूलाई विशेष महत्त्व दिइएको यस उपन्यासमा विश्वको सर्वोच्च शिखर सगरमाथा र त्यसको आरोहणमा संलग्न एउटा साहसिक ओराहीको अनुभवलाई मुख्य विषय बनाइएको छ । *चुली*मा पुग्नको लागि हिमाल आरोहणका क्रममा देखा पर्ने विभिन्न चुनौतिहरूको सामना गर्नुपरे जस्तै मानव जीवनलाई सफल र सार्थक बनाउनको लागि सबै प्रकारका अप्ठ्याराहरूलाई पन्छाएर अगाडि बढ्नु पर्ने सन्देश यस उपन्यासमा व्यक्त गरिएको छ।

*मुख्य शब्दावली* : पर्यावरण, सन्तुलन, उत्तरआधुनिक, अन्तर्विषयक, पारिस्थितिक पद्धति

## विषय परिचय

सरुभक्त श्रेष्ठ प्रयोगवादी उपन्यासकार हुन्। उनका विभिन्न औपन्यासिक कृतिहरू मध्ये *चुली* पनि एक हो । यसको प्रकाशन वि.सं. २०६० मा भएको हो । यस उपन्यासमा हिमाल आरोहणको सन्दर्भलाई मुख्य विषय बनाइएको छ । हिमाली सौन्दर्य, हिमाली संस्कृति, हिमाली पर्यावरण र हिमाली पहिचानलाई यस उपन्यासमा जीवन्त रूपमा चित्रण गरिएको छ। विश्वको सर्वोच्च शिखर सगरमाथा र त्यसको आरोहणमा निस्किएको एउटा आरोहीको अनुभव र अनुभूतिलाई उपन्यासमा समेटिएको छ।

साहित्यको विश्लेषण गर्ने विभिन्न सिद्धान्तहरू मध्ये पर्यावरणीय सिद्धान्त पनि एक हो । यसले साहित्यिक कृतिमा पर्यावरणीय पक्षलाई कसरी समेटिएको छ भन्ने विषयमा अध्ययन गर्दछ । पर्यावरणीय समालोचना पाश्चात्य साहित्य परम्परामा सन् १९८९ देखि विकसित भएको अन्तर्विषयक समालोचना सिद्धान्त हो । यसले साहित्यिक कृति र त्यसमा प्रयुक्त प्राकृतिक वातावरण बीचको सम्बन्धको खोजी गर्दछ । पर्यावरणीय समालोचना परम्परागत समीक्षाशास्त्रभन्दा भिन्न उत्तरआधुनिक युगमा विकसित नवीन पद्धति हो । यसमा प्रकृतिलाई नै केन्द्रमा राखेर कुनै पनि साहित्यिक कृतिको अध्ययन विश्लेषण गरिन्छ । हाम्रो नेपाली मौलिक कला, संस्कृति, साहित्य, इतिहास र जीवनशैली सबैमा प्राकृतिकपन मिसिएको छ । साहित्य र पर्यावरण एक अर्काका पर्याय भएकाले हरेक प्रकारका साहित्यिक रचनामा कुनै न कुनै रूपमा पर्यावरणको प्रयोग भएको पाइन्छ । *चुली* उपन्यासमा *चुली*लाई उचाइको प्रतीकका रूपमा चित्रण गरिएको छ भने हिमाल आरोहणलाई सङ्घर्ष र *चुली*मा पुग्नुलाई सफलता


Copyright (c) 2025: Author(s). Published by Sudur Paschimanchal Campus (SPC), Kailali, Nepal

प्राप्तिसँग जोडेर हेरिएको छ। यस उपन्यासले पर्यावरणीय संस्कृतिका रूपमा हिमालको भौगोलिक वातावरण, जातीय पहिचान, धार्मिक आस्था र सांस्कृतिक चिनारी एवम् मानवीय सम्बन्धलाई प्रस्तुत गरेको छ। साथै हिमाल बढ्दै गएको प्रदूषणप्रति चिन्ता प्रकट गरी त्यसतर्फ ध्यान दिन सम्बन्धित पक्षलाई सचेत गराएको छ। अतः पर्यावरणीय सौन्दर्यका दृष्टिले *चुली* उपन्यासको विश्लेषण गर्नु नै यस अध्ययनको मुख्य विषय रहेको छ।

## समस्या कथन

प्रस्तुत अध्ययन उपन्यासकार सरुभक्त श्रेष्ठद्वारा लिखित *चुली* उपन्यासमा प्रयुक्त पर्यावरणीय महत्त्वको खोजी गर्ने मुख्य समस्यामा केन्द्रित रहेको छ। उक्त समस्यालाई तलको अनुसन्धानात्मक प्रश्नबाट थप स्पष्ट पार्न सकिन्छ।

क) पर्यावरणीय महत्त्वका दृष्टिले *चुली* उपन्यास के कस्तो रहेको छ ?

## अध्ययनको उद्देश्य

*चुली* उपन्यासमा प्रयुक्त पर्यावरणीय महत्त्वको पहिचान गर्ने उद्देश्यमा केन्द्रित यस अध्ययनलाई तलको बुँदाबाट थप स्पष्ट पार्न सकिन्छ।

क) पर्यावरणीय महत्त्वका दृष्टिले *चुली* उपन्यासको अध्ययन विश्लेषण गर्ने।

## अध्ययन विधि

अध्ययन विधि अन्तर्गत सामग्री सङ्कलन विधि र विश्लेषण विधि पर्दछन्। अतः यस अध्ययनमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी सामग्रीको सङ्कलन र विश्लेषण गरिएको छ। त्यस क्रममा उपन्यासकार सरुभक्तद्वारा लिखित *चुली* उपन्यासलाई प्राथमिक स्रोत सामग्रीका रूपमा लिइएको छ भने पर्यावरणीय साहित्य समालोचना सिद्धान्तसँग सम्बन्धित विषयलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ। यस अध्ययनमा मूलतः निगमनात्मक विधिको प्रयोग गरिएको छ।

### अध्ययनको सीमा

उपन्यासकार सरुभक्तद्वारा लिखित *चुली* उपन्यासलाई आधुनिक साहित्य समीक्षा शास्त्रमा प्रचलित विभिन्न सिद्धान्त र पद्धतिहरूको आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ। यस अध्ययनमा पर्यावरणीय साहित्य समालोचनाको पक्षबाट मात्र अध्ययन विश्लेषण गरिएको छ। अतः यही नै प्रस्तुत अध्ययनको प्रमुख सीमा हो।

## सैद्धान्तिक स्वरूप

पर्यावरणीय समालोचना पाश्चात्य समालोचना परम्परामा सन् १९८९ देखि विकसित भएको हो। यसको औपचारिक सुरुवातकर्ता चेरिल ग्लोटफेल्टी हुन्। यो समालोचना पद्धति उत्तरआधुनिक युगमा विकसित कृति विश्लेषणको नवीन पद्धति हो। यसले प्रकृतिलाई केन्द्रमा राखेर कृतिको विश्लेषण गर्दछ। पर्यावरण समग्र पारि स्थितिक पद्धतिसँग सम्बन्धित छ। यही पारिस्थितिक पद्धतिको समग्र रूप वातावरण हो र वातावरणलाई बुझाउन 'पर्यावरण' पारिभाषिक शब्दको प्रयोग भएको पाइन्छ। अतः पारिस्थितिक पद्धति अन्तर्गत आउने जैविक प्रक्रियाहरूको समष्टी रूप नै पर्यावरण हो। (ग्लोल्फेल्टी, १९९६, पृ. XIX)। यसबाट पर्यावरणीय समालोचनाको क्षेत्र निकै फराकिलो रहेको कुरा स्पष्ट हुन्छ।

पर्यावरणीय समालोचनाले प्रकृतिलाई केन्द्रमा राखेर मानवीय सम्बन्धको खोजी गर्दछ। जसरी मार्क्सीय समालोचनाले उत्पादनको प्रक्रिया र आर्थिक श्रेणीका बीचको अध्ययन गर्दछ, त्यसैगरी पर्यावरणीय समालोचनाले साहित्य अध्ययनमा पृथ्वी केन्द्रित पद्धति अँगाल्छ (भट्टराई, २०६४, पृ. १९६)। पर्यावरणीय समालोचनाले मानव निर्मित कृत्रिम वातावरणतर्फ कुनै चासो देखाउँदैन। प्रकृति प्रदत्त वातावरण नै पर्यावरणीय समालोचनाको मुख्य केन्द्र हो (कुप, २०००, पृ. ४)। वातावरणमा मान्छेले नबनाएका डाँडाकाँडा, समतल मैदान, लेक हिमाल, आदि भौगोलिक घटक, चिसो, तातो, हुस्सू, कुहिरो, तुवाँलो आदि जलवायु र लतावृक्ष, जीव जनावर, चराचुरुङ्गी, कीटपतङ्ग लगायत स्थावर, जंगम, जलचर, थलचर र नभचर सबै पर्दछन् (गौतम, २०६४: २४६)। पर्यावरणीय समालोचनाले प्राकृतिक विज्ञान, वातावरणीय अध्ययन, सांस्कृतिक अध्ययन र सामाजिक अध्ययनलाई पनि यथास्थान उपयोग गर्दछ। वास्तवमा पर्यावरणीय समालोचकहरूले साहित्यलाई पर्यावरण मैत्री दृष्टिकोणबाट अध्ययन गर्दछन् (एटम, २०७०: ३१२)। पर्यावरण समग्र पारिस्थितिक पद्धतिसँग सम्बन्धित छ। पारि स्थितिक पद्धति अन्तर्गतको समग्र जैविक पक्षको उपस्थिति

साहित्यमा हुने गर्दछ । जैविक पक्षअन्तर्गत मानव निर्मित संस्कृति पनि आउँछ । त्यस्तो संस्कृतिलाई पर्यावरणभित्र समेट्न सकिन्छ।

संस्कृति र वातावरणको संयुक्त उपस्थिति पर्यावरणमा हुने गर्दछ । यही उपस्थितिलाई साहित्कारले आफ्ना साहित्यिक कृतिमा अङ्कन गरेमा त्यो पर्यावरणीय साहित्य बन्न पुग्दछ । त्यसकै विश्लेषणको लागि पर्यावरणीय समालोचनाको प्रयोग गरिन्छ । यसर्थ पर्यावरण मानवीय अस्तित्वको रक्षा र प्रँकृतिक सन्तुलन कायम गर्नको लागि आवश्यक छ (केरिज, सन् २००६ः ७१) । पर्यावरणीय समालोचनाले प्रकृतिको सर्वेसर्वापनलाई स्थापना गर्दछ । यसले मानव केन्द्रित आख्यानको विरोध गर्दछ । अतः पर्यावरणीय समालोचनाले कृति विश्लेषणका क्रममा कृति पर्यावरणमैत्री वा वातावरणमैत्री छ कि छैन भन्ने कुराको अध्ययन गर्दछ।

साहित्य र भौतिक वातावरण बीचको अन्तसम्बन्धको खोजी गर्ने अध्ययन नै पर्यावरणीय समालोचना हो । जसरी नारीवादी समालोचनाले लैङ्गिक सचेतताको दृष्टिले तथा मार्क्सवादी समालोचनाले उत्पादन सम्बन्ध र वर्गीय विभेदका दृष्टिले साहित्यको अध्ययन गर्दछ, त्यसरी नै पर्यावरणीय समालोचनाले पनि साहित्यिक अध्ययनमा पर्यावरण केन्द्रित पद्धतिको अवलम्बन गर्दछ (ग्लोटफेल्टी, १९९६, पृ. XV) । यस आधारमा मानवीय क्रियाकलापले गर्दा प्रकृति र वातावरणमाथि परेको प्रतिकूल प्रभावको कारण उत्पन्न सङ्कटको अध्ययन गर्ने नवीन चिन्तन विशेष नै पर्यावरणीय समालोचना हो । यसले मानव समुदाय र प्रँकृतिक पक्षको रक्षा तथा त्यस कार्यमा राज्यसत्ताको भूमिका एवम् राजनीतिक प्रतिबद्धताका लागि जनतालाई सचेत पार्ने कार्य गर्दछ (भट्टराई, २०७०, पृ. ८१) । अतः मानवीय कारणले वातावरणमा देखा परेका गम्भीर सङ्कट र त्यसको समाधानका लागि वातावरणविद्हरूबाट सुरु भएको अवधारणा नै पर्यावरणीय समालोचना हो, भन्न सकिन्छ । यही मान्यताका आधारमा यस अध्ययनमा *चुली* उपन्यासमा प्रयुक्त हिमाली सौन्दर्य, संस्कृति र मानवीयसम्बन्धको खोजी गरी पर्यावरणीय महत्त्व पहिचान गर्ने प्रयास गरिएको छ।

**पर्यावरणीय महत्त्वका दृष्टिले *चुली* उपन्यासको विश्लेषण**

*चुली* उपन्यास विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने एक आरोहीको हिमाल आरोहण सम्बन्धी अनुभवलाई समेटेर लेखिएको कृति हो। यस कृतिमा हिमाली सौन्दर्य र पर्यावरण तथा हिमाली जातिको जातीय संस्कृति एवं मानवीयसम्बन्धका विषयमा चर्चा गरिएको छ। हिमाल प्रकृति प्रदत्त उपहार हो । अतः हिमाललाई नै मुख्य विषय बनाएर लेखिएको यो कृति पर्यावरणमैत्री छ भन्न सकिन्छ । "हामीकहाँ हिमाल धेरै छन् तर हिमाल र हिमाल आरोहण सम्बन्धी साहित्य त्यति छैनन्" भन्ने लेखकीय भूमिकाबाट पनि उक्त कुरा स्पष्ट हुन्छ। पृथ्वीको बढ्दो तापक्रम र हिमाल आरोहीहरूको गलत व्यवहारले गर्दा हिमाली सौन्दर्यमा कमी आएको कुरालाई पनि उपन्यासमा विशेष महत्त्वका साथ प्रस्तुत गरिएको छ। साथै हिमाललाई उचाईको प्रतीक तथा *चुली*लाई सफलताको प्रतीकका रूपमा चित्रण गरिएको छ। यसरी नवीन शैली र फरक विषयवस्तुको प्रयोग गरी लेखिएको यो उपन्यास पर्यावरणमैत्री उपन्यास हो । अतः यसलाई पर्यावरणीय महत्त्वका दृष्टिले विभिन्न आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ।

**हिमाली सौन्दर्य र पर्यावरणको चित्रण**

*चुली* उपन्यासमा उपन्यासकारले हिमाललाई सार्वभौमिक वस्तुका रूपमा चित्रण गरेका छन् । यहाँ हिमाललाई अटल र *चुली*लाई उचाईको प्रतीकका रूपमा लिइएको छ। उपन्यासमा सगरमाथा हिमालको आरोहण गर्दा आरोहीका मनमा उत्पन्न विचारको माध्यमबाट आरोहीको मनोविज्ञानको चित्रण गरिएको छ। हिमाली क्षेत्रको चिसो वातावरण, हिम चट्टानहरू, हिमाल आरोहणका जटिलताहरू, आरोहीहरूको सामुहिक भेटघाट र जमघटले उत्पन्न नवीन परिस्थितिका विषयमा उपन्यासमा गहन रूपमा चर्चा गरिएको छ :

> मौसम बिग्रेन भने हिमालको बिहानी साँच्चै नै रमाइलो हुन्छ। उसलाई त्यस्तै लाग्छ। सर्वत्र खुलेको परिदृश्य, चिसो तर स्फूर्तिदायक हावापानी, धेरै मान्छेका उपस्थितिमा पनि शान्ति र नीरवताको अनुभूति गर्छ ऊ (चुली, पृ. ८)।

माथिको साक्ष्यमा विहानीको सौन्दर्य, सर्वत्र खुलेको हिमाली परिदृश्य, हिमालको चिसो हावापानी, हिमाली

शान्ति, हिमाली नीरवता र मौसमको प्रतिकूलताले उत्पन्न गर्न सक्ने सम्भावित चुनौती र खतराहरूको विषयमा उपन्यासको नायक अर्थात् म पाात्रले आत्मगत अनुभूति र विचारहरू प्रस्तुत गरेको छ । उसको उक्त मनोगत अभिव्यक्तिमा हिमाली सौन्दर्य र पर्यावरणको विषयलाई स्पष्ट रूपमा सङ्केत गरिएको छ।

यस उपन्यासमा हिमाल आरोहीको मनमा उत्पन्न विचार र मानसिकतामा पनि हिमालप्रतिको श्रद्धा र विश्वास भाव कायम रहेको छ। ऊ जस्तोसुकै कठिन परिस्थितिमा पनि हिमाली सौन्दर्य र हिमाली पर्यावरणप्रति सचेत रहन्छ अनि त्यसकै वर्णनमा आफूलाई केन्द्रित गर्न पुग्दछ :

> उसले आइसफल पार गर्दा नगर्दै चिन्ताका बादलहरू छिन्न भिन्न हुन्छन् । घाम लाग्छ । ऊ पूरा नब्बे पाउण्डको भारी पिठ्यूँमा बोकेर उत्साहपूर्वक सोच्छ – जीवन भनेको कहिले हावाहुरी, कहिले आँधी, टुफान त कहिले चकमन्न शान्ति र सुन्दरता हो । शान्ति र सुन्दरता सबैलाई मनमर्ने हुन्छ । हिमालभन्दा शान्त, सुन्दर यस पृथ्वीमा अरु केही छैन (चुली, पृ. १४)।

माथिको साक्ष्यमा हिमाल आरोही ऊ पात्रले हिमालमा देखा पर्ने प्रतिकूल मौसम र वातावरणलाई मानव जीवनका संघर्षका क्षणहरूसँग तुलना गरेको छ। साथै हिमाललाई एउटा सौन्दर्यशील एवं पृथ्वीकै सबैभन्दा शान्त र शालीन प्राकृतिक उपहारका रूपमा चित्रण गरेको छ। ऊ पात्रको यस प्रकारको अनुभूतिजन्य विचारबाट *चुली* उपन्यासमा हिमाली सौन्दर्य र पर्यावरणका विषयमा खुलेर चर्चा गरिएको कुरा स्पष्ट हुन्छ।

उपन्यासमा हिमाललाई नै प्रमुख केन्द्र मानेर हिमाली सौन्दर्य, हिमाली क्षेत्रको हावापानी, हिमाल आरोहीको मनमा उत्पन्न विचार र हिमालप्रतिको उनीहरूको दृष्टिकोण जस्ता पक्षलाई गहन रूपमा चित्रण गरिएको हुनाले यो उपन्यास पर्यावरणीय महत्त्वका दृष्टिले उपयुक्त खालको छ, भन्न सकिन्छ।

### धार्मिक सांस्कृतिक पर्यावरणको चित्रण

पर्यावरणीय समालोचनाको एउटा महत्त्वपूर्ण क्षेत्र सांस्कृतिक पर्यावरण पनि हो । संस्कृति मूलतः मानवीय आचरण र व्यवहारसँग सम्बन्धित छ । पर्यावरणीय संस्कृतिभित्र जाति, भाषा, धर्म, पेशा, खानपान, रहनसहन जस्ता विविध पक्षहरू पर्दछन्। *चुली* उपन्यासमा पनि प्रशस्त मात्रामा हिमाली संस्कृति झल्कने खालका पर्यावरणीय महत्त्वका विषयलाई समेटिएको छ। सगरमाथाको आधार शिविरमा हिमाल चढ्नेहरूको भिडले गर्दा साँच्चिकै मेला नै लागेको जस्तो अनुभूति जो कोहीलाई हुन्छ। रङ्गीचङ्गी ध्वजा पताका र हिमाली हावाले तिनीहरूलाई हल्लाएको सुन्दर दृष्य साँच्चिकै मनामोहक लाग्दछ।

> "बेसक्याम्पमा त मैले रहेछ। कति धेरै मान्छे, कति धेरै तम्बू अनि कति धेरै ...... ।" ऊ सर्वत्र आँखा घुमाई लहप्साङ (पूजास्थल) मा टिकाउँछ अनि रङ्गीविरङ्गी ध्वजा–पताका र जुङ्ताहरूमा टिकाउँछ, जुन चिसो हावामा बेतोडले फरफराइरहेका हुन्छन् (चुली, पृ. १)।

माथिको साक्ष्यमा सगरमाथा आधार शिविरमा हिमाल आरोहीहरूको भीड लाग्नाले त्यहाँ साँच्चिकै मेला लागे जस्तो हुन्छ भनी यस उपन्यासको प्रमुख पात्र हिमाल आरोहीले अनुभूति गरेको छ। उसले हिमाली संस्कृतिमा प्रचलित पूजा कर्म, पूजास्थल र त्यहाँका रङ्गीचङ्गी ध्वजायताकाहरू चिसो हावामा बेतोडले फरफराइरहेको सुन्दर दृश्यको अवलोकन गरेको छ । यसबाट हिमाली जातिको जातीय, धार्मिक र सांस्कृतिक पर्यावरण झल्किएको छ।

हिमाली क्षेत्रको चिसो मौसमबाट बच्नको लागि हिमाल आरोहीहरू हिमाली भोटे चियाको स्वादमा रमाउने गरेको तथा छ्याङ खाएर अनि बाक्ला लुगाहरू लगाएर त्यहाँको जाडो छल्ने प्रयासमा लाग्ने गरेको वस्तु सत्यलाई उपन्यासमा यसरी चित्रण गरिएको छ।

> भरियाहरू र गाइडहरू उसलाई चिया ख्वाउँछन् । आधार शिविरको उचाइमा भोटेचियाको बास्ना उसलाई अचाक्ली मीठो लाग्छ (चुली, पृ. ४)।

माथिको साक्ष्यमा हिमाली चिसो मौसममा पटक पटक तातो चिया पिउनु पर्ने भौगोलिक संस्कृति र जातिगत आधारमा शेर्पा र भोटे जातिको बाहुल्यता रहेको हिमाली क्षेत्रमा भोटेहरूद्वारा उत्पादित भोटे चियाको स्वाद अझ भिन्न रहेको कुरा उल्लेख हुनुले जातीय संस्कृति झल्किएको छ।

यसरी सांस्कृतिक पर्यावरणकै रूपमा हिमाललाई प्राकृतिक देवत्वको रूपमा पूजा गर्ने प्रचलन, चोमोलोङमा देवीको पूजा गर्ने प्रचलन, बौद्ध धार्मिक गुम्बा र गुम्बामा

जडित ध्वजापताका र तोरणहरूको मनमोहक दृश्यले गर्दा यस उपन्यासमा धार्मिक पर्यावरणको पनि चर्चा गरिएको पाइन्छ । साथै हिमाली भोटे र शेर्पा जातिको रहनसहन, वेषभुषा, खानपान तथा जीवनशैली जस्ता विविध पक्षको यथार्थ चित्रण गरी धार्मिक सांस्कृतिक पर्यावरणको महत्त्वलाई प्रस्तुत गरिएको छ।

**पर्यावरणमैत्री भाषिक प्रयोग**

*चुली* उपन्यासको पर्यावरणीय महत्त्व दर्शाउने अर्को प्रमुख आधार पर्यावरणमैत्री भाषिक प्रयोग पनि हो । पर्यावरणमैत्री भाषिक प्रयोग भन्नाले कृतिमा प्रयुक्तभाषामा प्रकतिलाई सम्मानजनक स्थान दिनु भन्ने बुझिन्छ । यस आधारमा हेर्दा *चुली* उपन्यासमा प्रशस्त मात्रामा पर्यावरणमैत्री भाषिक प्रयोग गरिएको पाइन्छ।

> भरिया साथीहरू लहप्साङमा प्रार्थना गरी उसलाई भन्छन् – “तपाईको यो ठूलो काम सफल होस् । चोमोलोङ्माकी देवीले राम्रो गर्छ गर्छ (चुली, पृ. १३) ।”

यस साक्ष्यमा हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा र भोटे जातिको जातीय संस्कारका रूपमा प्रचलित प्राकृतिक देवत्वको पूजा तथा हिमाललाई देवता मानेर पुज्ने परम्परालाई हिमाली भाषिक संस्कृतिको माध्यमबाट प्रकट गरिएको छ।

यस उपन्यासमा हिमाली क्षैत्र बसोबास गर्ने शेर्पा र भोटे जातिका मानिसहरू हिमसंस्कृतिमा रमाएर हिमाल आरोहीहरूको गाइड तथा भरियाको रूपमा काम गर्ने गरेको तथा उनीहरूले प्रयोग गर्ने स्थानीय भाषिक संस्कृतिको समेत चर्चा गरिएको छ।

> फेरि अर्को एक भरिया भन्छ –
>
> “आफ्नो त गाँठे छोर्छोरी पढौने धोको छ। आफूले पढ्न भनेसि पाउँदै पाइएन । भरियाकै जुनी बित्यो । अब छोर्छोरीलाई यो जुनीबाट अल्लि माथि उठाम् भनेर लान्को सक्किएला जस्तो छैन। यसैपाली जाडाले ह्यैं मरिन्छ कि क्या” (चुली, पृ. ४)।

माथिको साक्ष्यमा हिमालमा बसोबास गर्ने शेर्पा जातिका मानिसहरूले भरियाकै रूपमा काम गरेर आफ्नो जीवन संचालन गर्ने गरेको तथ्यलाई स्पष्ट पारेको छ । यसबाट उनीहरूको पेशागत पहिचान झल्किएको छ । साथै उनीहरूको पेशासँग आर्थिक पारिवारिक सम्बन्ध र दायित्व पनि सँगसँगै जोडिएर आएको छ । छोराछोरीलाई पढाउने र आफ्नो पारिवारिक जीवनस्तरलाई अलि माथि उकास्ने भरियाको सोच आम मानिसको सोच जस्तै सामान्य खालको देखिन्छ। यसबाट हिमाली पर्यावरणमा जीवनयापन गर्ने भरियाहरूको पेशागत एवं भाषिक संस्कृतिको विषयलाई उपन्यासले समेटेको कुरा स्पष्ट हुन्छ।

यस उपन्यासमा हिमाललाई उचाईको प्रतीक र *चुली*लाई सफलताको प्रतीकका रूपमा चित्रण गरिएको छ । त्यस्तै हिमाललाई प्राकृतिक देवत्वका रूपमा पूजा गर्ने हिमाली जातिको प्रचलन एवं चोमोलोङ्मा देवीका रूपमा मान्ने संस्कृतिको चर्चा गरिएको छ। यस उपन्यासमा प्रस्तुत गरिएको भाषाशैली प्राकृतिक वातावरण, हिमाली सौन्दर्य र पर्यावरणको चित्रणमा केन्द्रित रहेको छ। त्यसैले पर्यावरण मैत्री भाषिक प्रयोग पनि यस उपन्यासको प्रमुख महत्त्वको विषय हो।

**मानवीय सम्बन्ध र पर्यावरणीय सचेतता**

यस उपन्यासमा मानवीय सम्बन्ध र पर्यावरणीय सचेतताका विषयमा पनि स्पष्ट रूपमा चर्चा गरिएको छ। हिमाल आरोहण दलका सदस्यहरू, गाइड र भरियाहरू एवम् स्थानीयबासीहरूको सहयोगी व्यवहारले यस उपन्यासमा उच्च मानवीय भावना प्रकट भएको पाइन्छ।

> ऊ मनमनै भन्छ –
>
> बन्धु; तिमी सगरमाथा चुली टेकेर शवमा परिणत भयौ कि चढाइकै क्रममा कुनै दुर्घटना, थकाइ र चिसोले शवमा परिणत भयौ म जान्दिन, तर हेर म सगरमाथाको चुली टेकेर फर्कदै छु। मैले मेरो नाममा मात्र होइन पुरै इतिहासको नाममा, पुरै सभ्यताको नाममा, पुरै मानवताको नाममा चुली टेकैं। यो मेरो मात्र होइन तिम्रो पनि विजय हो, सफलता हो। त्यसैले म तिमीलाई हार्दिक बधाई दिन्छु (चुली, पृ. ४४)।

यहाँ उपन्यासको प्रमुख नायक अर्थात् ऊ पात्रले आफू हिमालको *चुली* टेकेर फर्कदै गर्दा बाटोमा एउटा आरोहीको शव देखेपछि उसप्रति उच्च मानवीय भावना प्रकट गरेको छ । साथै आफ्नो हिमाल आरोहणको सफलता केवल आफ्नो मात्र नभएर इतिहास, सभ्यता र मानवताको सफलता

हो भन्दै मृत आरोहीलाई हार्दिक बधाइ ज्ञापन गरेको छ । यसबाट मानवीय सम्बन्धको कुरा स्पष्ट भएको छ।

यस उपन्यासमा मानिसको स्वार्थीपनको कारण आज हिमाली सौन्दर्य घट्दै गएको र हिमाली क्षेत्रमा प्रदूषण बढ्दै गएको प्रति उपन्यासकारले चिन्ता प्रकट गरेका छन् । साथै राज्यलाई हिमाली पर्यावरणीय सौन्दर्यको संरक्षणमा ध्यान दिन आग्रह गरिएको छ।

> उसले सुनेको थियो दक्षिण घाँटी संसारको सबभन्दा उचाइमा स्थित फोहोर फाल्ने ठाउँ हो । जताततै अक्सिजन सिलिन्डरहरू र तम्बूका सामानहरू । लुगाफाटाहरू । खानेकुराका बट्टाहरू । र अरु पनि धेरै फ्याँकिएका सामानहरू । उसलाई आश्चर्य लाग्छ, हिमाललाई माया गर्नेहरू हिमाललाई कसरी फोहोर पार्न सक्छन् ? उसलाई आश्चर्य लाग्छ, हिमाल चढ्नेहरू यति साह्रो स्वार्थी कसरी बन्न सक्छन् ? महान् लक्ष्यको यात्रा भनेको फोहोरी स्वार्थको यात्रा होइन, पवित्रा विश्वास र समर्पणको यात्रा हो (चुली, पृ. ३१)।

माथिको साक्ष्यमा *चुली* उपन्यासको नायक ऊ पात्रले सगरमाथामा बढ्दै गएको प्रदूषण र घट्दै गएको हिमाली सौन्दर्यप्रति चिन्ता व्यक्त गरेको छ। साथै हिमाल आरोहीहरू स्वार्थी बन्दै गएको र सरकारले त्यसप्रति ध्यान नदिएकोमा आश्चर्य समेत प्रकट गरेको छ। यसबाट पर्यावरणीय सचेतता र महत्त्व स्पष्ट भएको छ।

यसरी *चुली* उपन्यासमा विश्वको सर्वोच्च शिखर सगरमाथा जसलाई प्रकृति प्रदत्त उपहार मानिन्छ त्यही हिमालको आरोहणको विषयलाई प्रमुख आधार बनाएर एउटा हिमाल आरोहीको हिमाल आरोहण सम्बन्धी अनुभवलाई उच्च महत्त्वका साथ प्रस्तुत गरी हिमाली सौन्दर्य, हिमाली संस्कृति, हिमाली जाति एवं पर्यावरणमैत्री भाषाशैलीको सभ्य र मर्यादित प्रयोगले गर्दा यो उपन्यास पर्यावरणीय महत्त्वका दृष्टिले उपयुक्त रहेको कुरा स्पष्ट हुन्छ।

समकालीन समयमा यो उपन्यास वैज्ञानिक लेखनका लागि मात्र प्रेरणा र स्रोत बनेको छैन, यसले वैज्ञानिक अनुसन्धानको बीजारोपण गर्ने सम्भावना पनि बोकेको छ। विशेषगरी वातावरणसँग सम्बन्धित अध्ययन र अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरूका लागि यस उपन्यासले साहित्यिक ऊर्जा र भावनात्मक सम्बल प्रदान गर्नेछ (मिश्र र आचार्य, २०१८; मिश्र, २०१८; मिश्र, २०२२०)।

## निष्कर्ष

*चुली* उपन्यास उपन्यासकार सरुभक्त श्रेष्ठद्वारा लेखिएको हो । यो उपन्यासमा विश्वको सर्वोच्च शिखर सगरमाथा आसपासको प्राकृतिक वातावरण एवं सगरमाथा आरोहणका क्रममा आइपर्न सक्ने कठिनाइका विषयमा सगरमाथा आरोहीको अनुभवलाई उच्च महत्त्वका साथ प्रस्तुत गरिएको छ। यहाँ सगरमाथालाई मानवताको उचाईको प्रतीक र चुलीलाई मानव जीवनको सफलताको प्रतीकका रूपमा चित्रण गरिएको छ। यस उपन्यासमा हिमाली जाति, सभ्यता र संस्कृतिलाई पनि उच्च महत्त्वका साथ प्रस्तुत गरिएको छ । प्राकृतिक देवत्वका रूपमा हिमाललाई पूजा गर्ने हिमाली संस्कृति त्यहाँको जातीय पहिचान, खानपान, रहनसहन र जीवनशैलीलाई पनि प्राथमिकताका साथ उपन्यासमा उठाइएको छ । उपन्यासमा प्रयुक्त भाषाशैली पर्यावरणमैत्री रहेको छ । मानवीय सम्बन्धको उच्चता र महत्त्वलाई पनि उपन्यासमा प्रमुख स्थान दिइएको छ। यसरी हेर्दा उपन्यासको सम्पूर्ण विषयवस्तु नै पर्यावरणीय समालोचनाको क्षेत्रभित्र समेटिने खालको देखिन्छ । अतः पर्यावरणीय महत्त्वका दृष्टिले *चुली* उपन्यास उपयुक्त खालको अर्थात् उपयोगी खालको छ भन्ने कुरा स्पष्ट हुन्छ।

चुली उपन्यासमा उपन्यासकारले हिमाली सौन्दर्य र पर्यावरणको विषयमा गहन रूपमा चर्चा गरेका छन् । उपन्यासको प्रमुख पात्र अर्थात् नायक ऊ पात्रका माध्यमबाट उपन्यासको सम्पूर्ण घटनाक्रमको वर्णन गरिएको छ । ऊ पात्र एउटा साहसिक आरोही हो। उसले हिमाल आरोहणका क्रममा आइपर्न सक्ने खालका जटिलता र हिमाली आरोहणको आफ्नो अनुभवलाई यस उपन्यासमा प्रस्तुत गरेको छ। हिमाली क्षेत्रका आदिबासीका रूपमा बसोबास गर्न शेर्पा र भोटे जातिको सामाजिक एवम् सांस्कृतिक परम्परा, धार्मिक आस्था र विश्वास तथा उनीहरूको पेशा, रहनसहन, खानपान एवम् भेशभूषा जस्ता कुराहरूलाई विशेष महत्त्वका साथ उपन्यासमा प्रस्तुत गरिएको छ। त्यस क्रममा चोमोलोङ्मा देवी, हिमाली देवता, पूजा स्थल, ध्वजपताका, छ्याङ, भोटेचिया, बाक्ला कपडा, एवम् स्थानीय लवज र

भाषाशैली जस्ता कुराहरूलाई पर्यावरणीय महत्त्वका रूपमा हेरिएको छ।

यस उपन्यासमा आजभोलि मानिसमा बढ्दै गएको स्वार्थीपन र जलवायु परिवर्तनको कारण हिमाली सौन्दर्य घट्दै गएको प्रति चिन्ता र चासो प्रकट गरिएको छ। साथै हिमाली पर्यावरणको रक्षा गर्ने कार्यमा राज्य अर्थात् सरकार सक्रिय हुनुपर्ने तर्क समेत प्रस्तुत गरिएको छ। अतः यो उपन्यास पर्यावरणीय महत्त्वका दृष्टिले उपयुक्त खालको छ ।

## सन्दर्भ सामग्री सूची


उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौं : अक्षार क्रिएसन।

एटम, नेत्र (२०६१), *समालोचनाको स्वरूप,* ललितपुर : साझा प्रकाशन।

कुप, लरेन्स (२०००), *दी ग्रिन स्टडिज रिडर फ्रम रोमान्टिसिजम टु इकोक्रिटिसिजम,* लण्डन : रोटलेज पब्लिकेशन।

केरिज, रिचार्ड (२००६), *इन्भारमेन्टालिजम एन्ड इकोक्रिटिसिजम लिटेररी,* लण्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस।

ग्लोटफेल्टी, चेरिल (१९९६), *एन्ड ह्यारोल्ड फ्रोम* (सम्पा.), *दी इकोक्रिटिसिजम रिडर : ल्यान्डमार्क्स इन लिटरेरी इकोलोजी,* न्यूयोर्क : रोटलेज।

ग्रेराड, ग्रेम (२०६४), *इकोक्रिटिसिजम्,* लन्डन यान्ड न्युयोर्कः रोजलेज टेलर यान्ण्ड फ्रान्सिस ग्रुप।

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा,* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स।

गौतम, कृष्ण (२०६७), *उत्तर आधुनिक संवाद,* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन।

गौतम, लक्ष्मणप्रसाद (२०६८), *उत्तरवर्ती नेपाली समालोचना : केही प्रतिरूप,* काठमाडौं : पैरवी प्रकाशन।

भट्टराई, गोविन्दराज (२०६१), *आख्यानको उत्तर आधुनिक पर्यावलोकन,* काठमाडौं : रत्न पुस्तक भण्डार।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* काठमाडौं : ओरिएन्टल पब्लिकेशन हाउस।

भट्टराई, रमेश (२०७०), *समय सौन्दर्य, पर्यावरण र कविता,* काठमाडौं : विवेक सिर्जनशील प्रा.लि.।

मिश्र, ए. के., र आचार्य, एस. आर. (२०१८), नेपालको भूकम्पपछिको अवस्थामा साल्यानकोट खानेपानी परियोजनाको कार्यसम्पादन मूल्याङ्कन, *जर्नल अफ एडभान्स्ड रिसर्च इन जियोसाइन्स एण्ड रिमोट सेन्सिङ, ५*(३७४), २३–४०।

मिश्र, ए. के. (२०१८), भूकम्पपछिको अवस्थामा साल्यानकोट खानेपानी परियोजनाको दिगोपन र जोखिम मूल्याङ्कन, *इन्टरनेशनल जर्नल अफ अपरेशन्स म्यानेजमेन्ट एण्ड इन्फर्मेशन टेक्नोलोजी,* ८(१), १–३०।

मिश्र, ए. के. (२०२२), *नेपालका लागि इन्डस्ट्री ४.० अवधारणा – भर्चुअल खेती उद्योग सञ्चालन*।

सरुभक्त (२०६०), *चुली,* ललितपुर : साझा प्रकाशन।